GLOBAL MONEY WEEK 2023 PLAN YOUR MONEY, PLANT YOUR FUTURE

globalmoneyweek.org
@GlobalMoneyWeek
#GMW2023
#PlanYourMoney
#PlantYourFuture

# Global Money Week (GMW) बारे संक्षिप्त जानकारी

**Global Money Week** युवाहरूमा वित्तीय शिक्षाको महत्वबारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रूपमा मनाइने साप्ताहिक अभियान हो । सन् २०१२ देखि हरेक वर्षको मार्च महिनामा मनाउन सुरु गरिएको यो सप्ताह **Organisation of Economic Cooperation and Development (OECD)** को संयोजनमा विश्वका धेरै मुलुकमा मनाउने गरिन्छ । युवालाई वित्तीय ज्ञान, सीप र मनोवृत्तिका साथै व्यावहारिक रूपमा सक्षम बनाउँदै विवेकशील वित्तीय निर्णय गर्न अभिप्रेरित गर्दै आर्थिक सम्वृद्धिमा सघाउ पुऱ्याउने उद्देश्यमा यो सप्ताह केन्द्रित रहँदै आएको छ । दशौं श्रृंखलाका रूपमा सन् २०२२ मा मनाइएको **Global Money Week** मा प्रत्यक्ष रूपमा १०९ वटा र भर्चुअल माध्यमसमेतबाट १७० मुलुकका चार करोडभन्दा बढी युवाहरूको सहभागिता रहेको थियो ।

**Global Money Week** को स्थायी नारा: 'Learn.Save.Earn.' रहेको छ भने एघारौं श्रृंखलाका रूपमा मनाइने Global Money Week-2023 को थिम: 'Plan your money, plant your future' रहेको छ । यस वर्षको थिमले युवाहरूमा वित्तीय चेतना अभिवृद्धिमार्फत वित्तीय व्यवहारको दिगोपन र सबल वित्तीय वातावरण विकासमा जोड दिएको छ ।

**OECD** को अनुरोधबमोजिम सन् २०२३ को **Global Money Week** मार्च २० देखि २६ सम्म नेपाल राष्ट्र बैंकको संयोजनमा नेपालभर मनाउने कार्यक्रम रहेको छ । यस साप्ताहिक कार्यक्रममार्फत युवाहरूमा वित्तीय शिक्षाको प्रवर्द्धन गर्दै वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय समावेशिता प्रवर्द्धनका माध्यमले स्वरोजगार सिर्जना, उत्पादन तथा आय वृद्धि र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विगतका वर्षदेखि मनाउँदै आइएको **Global Money Week** मा यस वर्ष नेपाल राष्ट्र बैंक, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक, वित्तीय तथा गैरबैंक वित्तीय संस्था, सहकारी विभाग तथा सहकारी संस्थाहरू, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेसनल बैंकिङ इन्स्टिच्युट, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष आदि निकाय तथा संस्थाहरूले विभिन्न कार्यक्रम आयोजना गर्ने योजना रहेको छ । सो सप्ताह मनाउने क्रममा नेपालका स्कूल तथा क्याम्पसमा अध्ययनरत युवा विद्यार्थीलाई समेटी वित्तीय चेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने, वित्तीय चेतना अभिवृद्धिसम्बन्धी रचनात्मक कृयाकलाप आयोजना गर्ने, वित्तीय चेतनामूलक प्रतिस्पर्धा तथा वित्तीय चेतनामूलक ऱ्याली आयोजना गर्ने, सञ्चार माध्यमबाट वित्तीय चेतनामूलक सामग्री एवम् अन्तरवार्ता प्रसारण तथा प्रकाशन गर्ने, युवा विद्यार्थीलाई वित्तीय सेवाप्रदायक संस्थाको अवलोकन गर्ने प्रबन्ध मिलाउने, वित्तीय सेवा प्रदायक संस्थाका सामाजिक सञ्जालमा समेत वित्तीय चेतनामूलक सामग्री प्रसारण गर्ने, बैंक, वित्तीय तथा गैर बैंक वित्तीय संस्थाले युवाकेन्द्रित वित्तीय चेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने जस्ता कार्य सम्पन्न हुँदै आएको छ ।

**यस वर्ष मनाइने Global Money Week-2023 नेपाल राष्ट्र बैंकको समन्वयमा हर्षोल्लासपूर्वक देशभर मनाउने सन्दर्भमा देहायबमोजिम कार्यक्रम आयोजना हुनेछः**

| | |
|---|---|
| (१) | सप्ताहको पहिलो दिन (चैत ६, २०७९) नेपाल राष्ट्र बैंकको आयोजनामा नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडको संयुक्त सहभागितामा विभिन्न विषयका वित्तीय चेतनामूलक प्रस्तुतिहरू समावेश गरी कलेजस्तरका विद्यार्थीलाई समेटेर काठमाडौंमा संयुक्त वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गर्ने । |
| (२) | सप्ताहभर नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेड, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट अलगअलग रूपमा देशका विभिन्न स्थानका युवालक्षित वित्तीय चेतनामुलक कार्यक्रम आयोजना गर्ने । |
| (३) | सप्ताहभर नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयलाई स्थानीय युवालक्षित वित्तीय चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने, वित्तीय चेतनामूलक र्‍याली आयोजना गर्ने, कार्यालय प्रमुखले स्थानीय सञ्चार माध्यममार्फत वित्तीय चेतनामूलक अन्तरवार्ता प्रसारण गराउने, स्थानीय सञ्चार माध्यमहरूलाई **GMW** सम्बन्धी सामग्री प्रचार/प्रसार गर्न अभिप्रेरित गर्ने, बैंक तथा वित्तीय संस्थाका स्थानीय शाखाहरूबाट वित्तीय चेतनामूलक कार्यक्रम गर्न अभिप्रेरित गर्ने । |
| (४) | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक, वित्तीय तथा गैर बैंक वित्तीय संस्थाबाट युवालक्षित वित्तीय चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने । |
| (५) | विभिन्न सञ्चार माध्यमबाट आफ्ना नियमित प्रसारणमा GMW सम्बन्धी विषयवस्तुलाई यथासम्भव समेट्न अनुरोध गर्ने । |
| (६) | नेपाल राष्ट्र बैंकले युवालक्षित वित्तीय साक्षरता सम्बन्धी टेलिभिजन अन्तरवार्ता वा 'टक शो' कार्यक्रमहरूको आयोजना गर्ने । |
| (७) | सप्ताहभर नेपाल राष्ट्र बैंकले तयार पारेका वित्तीय चेतनामूलक श्रव्यदृष्य सामग्रीहरू बैंकको सामाजिक सञ्जालमार्फत प्रसारण गर्ने । |
| (८) | नेपाल राष्ट्र बैंकले काठमाडौं उपत्यकाभित्र र बाहिरका केही स्कूल तथा क्याम्पसमा युवाहरू केन्द्रित वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गर्ने । |


**नेपाल राष्ट्र बैंक**

गभर्नरको कार्यालय

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा

**वित्तीय साक्षरता फाँट**


*Global Money Week* सम्बन्धी थप जानकारीका लागिः *https://www.globalmoneyweek.org*